# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

**बुटवल उप-महानगरपालिका-१०, कालिकानगर, रुपन्देही ।**

## १४औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को मिति २०८१/१०/२८ गते सोमवार बसेको २३१औं सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको १४औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. श्री मान बहादुर वीके ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

१. **सभाको मिति, स्थान र समय :-**

सभाको मिति :- २०८१/११/२४ गते शनिवार (तदनुसार ८ मार्च, २०२५)

सभाको स्थान :- होटल न्यू इंरा, बुटवल उप-महानगरपालिका वडा नम्बर ०९, कालिकापथ, बुटवल, रुपन्देही ।

सभाको समय :- अपरान्ह १:०० बजे देखि प्रारम्भ भई दिउसो ३:३० बजे समापन ।

२. **सभाको सूचना प्रकाशन :-**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम १८ बमोजिम संस्थाको मिति २०८१/१०/२८ गते सोमवार बसेको २३१औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार १४औं वार्षिक साधारण सभा मिति २०८१/११/२४ गते शनिवार गर्ने गरि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८१/१०/२९ गतेको दैनिक लुम्बीनि पत्रिकामा प्रथम पटक र दोस्रो पटक मिति २०८१/११/०९ गतेको दैनिक पत्रमा सूचना प्रकाशित गरिएको थियो ।

३. **सञ्चालकहरुको उपस्थिति विवरण :-**

३.१ **कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरु :-**

| क.सं. | नाम, थर | पद | प्रतिनिधित्व | धारण गरेको जम्मा शेयर सँख्या | उपस्थित/ अनुपस्थित |
|---|---|---|---|---|---|
| १. | डा. श्री मान बहादुर वीके | अध्यक्ष | संस्थापक शेयरधनी | ५६,३३७ | उपस्थित |
| २. | डा. श्री मेग बहादुर विश्वकर्मा | सञ्चालक | संस्थापक शेयरधनी | ५१,०२७ | उपस्थित |
| ३. | श्री यज्ञ विक्रम शाही | सञ्चालक | संस्थापक शेयरधनी | ४०,०४६ | उपस्थित |
| ४. | ई. श्री गुरुराज बरुवाल | सञ्चालक | सर्वसाधारण शेयरधनी | २०० | उपस्थित |
| ५. | श्री हुमा कुमारी कुँवर थापा | सञ्चालक | सर्वसाधारण शेयरधनी | ११० | उपस्थित |
| ६. | सिए. श्री दिपक बि.क. | स्वतन्त्र सञ्चालक | स्वतन्त्र | — | उपस्थित |

३.२ **अन्य पदाधिकारीको उपस्थिति :-**

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव - श्री सुनिल कुमार राय

कर्मचारीहरु - केन्द्रीय कार्यलयमा कार्यरत व्यवस्थापकीय तथा अन्य कर्मचारीहरु

३.३ **शेयरधनीहरुको उपस्थिति :-**

| क.स. | उपस्थितको विवरण | जना |
|---|---|---|
| १ | सभाहलमा सहभागी जम्मा उपस्थिति | १८ जना |
| २ | प्रतिनिधि (प्रोक्सी) मार्फत | १९ जना |
| **जम्मा** | | **३७ जना** |

४. **गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :-**

दर्ता किताव बन्द रहने समय सम्म कायम शेयरधनीको विवरण :-

| शेयरधनी समुह | विद्यमान शेयरधनी संख्या | विद्यमान शेयर कित्ता सख्या | प्रतिशत |
|---|---|---|---|
| संस्थापक | २५ | ९,३५,५०५.४५ | ५५.००% |
| सर्वसाधारण | ८,५७० | ७,६५,४१३.५५ | ४५.००% |
| जम्मा | ८,५९५ | १७,००,९१९ | १००% |

सभामा उपस्थित शेयरधनीको विवरण :-

| शेयरधनी समुह | उपस्थिति विवरण | उपस्थिती शेयरधनी संख्या | उपस्थित शेयर धनीले धारण गरेको शेयर कित्ता |
|---|---|---|---|
| संस्थापक | स्वयं उपस्थित | १३ | ५,३६,२४९ |
| | प्रतिनिधि (प्रोक्सी) | १० | ३,२६,२५७ |
| | **जम्मा संस्थापक** | २३ | ८,६२,५०६ |
| सर्वसाधारण | स्वय उपस्थित | ५ | ३२५ |
| | प्रतिनिधि (प्रोक्सी) | ९ | ३,२९४ |
| | **जम्मा सर्वसाधारण** | १४ | ३,६१९ |
| **जम्मा उपस्थिति सँख्या/कित्ता** | | ३७ | ८,६६,१२५ |
| **साधारण सभामा शेयर स्वमित्व उपस्थिति प्रतिशत** | | | ५०.९२% |

५. **सभाको बैधानिकता र अध्यक्षता :-**

५.१ कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम संस्थाको १४औं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिर जनाउने शेयरधनीहरुको संख्या १८ जना रहेको छ भने स्वयम् उपस्थित र प्रतिनिधि (प्रोक्सी) मार्फत कुल शेयरको ५०.९२ प्रतिशत शेयर यस सभामा उपस्थित भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको घोषणा गरी प्रचलित कम्पनी ऐन अनुसार सभा बैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२ संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम संस्थाको १४औं वार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष डा. श्री मान बहादुर बीकेले गर्ने व्यहोरा कार्यक्रम सञ्चालकले जानकारी गराउनु भयो ।

५.३ संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल कुमार राय ज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत अभिवादन गर्नुभयो ।

६. **छलफलका विषयहरु :-**

(क) **सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :-**

१. भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती संग सम्बन्धित सम्पूर्ण प्रकृयाहरु पुरा गर्न गराउन सचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

२. वित्तीय संस्थाको प्रवन्धपत्रमा संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा । (तीन महले बमोजिम)

३. प्रवन्धपत्रमा प्रस्तावित संशोधन/थप मा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ग) **विविध :-**

७. **सभाको निर्णय :-**

(क) **सामान्य प्रस्तावहरु तर्फ :-**

१. **निर्धारित विषयसूची (क) १. अनुरुप "सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।" ।**
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर दफावार छलफल भई प्रस्तुत प्रतिवेदन सर्वसम्मतीले पारित गरियो ।

२. **निर्धारित विषयसूची (क) २. अनुरुप "लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धीत अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने" ।**
लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धीत अनुसूचीहरु उपर छलफल गरी पारित गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. **निर्धारित विषयसूची (क) ३. अनुरुप "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने" ।**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक RPKS Associates Chartered Accountants, काठमाण्डौलाई सर्वसम्मतीबाट लेखापरीक्षकमा नियुक्ति गर्ने निर्णय गरियो । निजको पारिश्रमिकको सम्वन्धमा बैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन, लङफर्म अडिट रिपोर्ट, वित्तीय संस्थाद्वारा सञ्चालित परियोजनाको लेखा परीक्षण, निक्षेप तथा कर्जा सुरक्षण कोषको फाइल प्रमाणिकरण लगायत सो कार्यका लागि जम्मा रु ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) भ्याट सहित भुक्तानी गर्ने गरी निर्धारण गर्ने निर्णय गरियो । साथै, शाखा कार्यालयको लेखा परीक्षणको क्रममा खाना, आवास र यातायात खर्च वास्तविक बिल अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

ख. **विशेष प्रस्ताव :-**

१. **निर्धारित विषयसूची (ख) १ अनुरुप "भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धित सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने" ।**

वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

२. **निर्धारित विषयसूची (ख) २. अनुरुप "वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा । (तीन महले बमोजिम)" ।**

संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गर्ने सम्बन्धमा अध्यक्षज्यूले पेश गर्नु भएको संस्थाको प्रवन्धपत्रमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई इलेक्ट्रोनिक बैंकिङ्ग तथा विद्युतीय कारोबार सञ्चालन गर्ने गरी तीन महले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. **निर्धारित विषयसूची (ख) ३. अनुरुप "प्रवन्धपत्रमा प्रस्तावित संशोधन/थपमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने" ।**

संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरबदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरबदल गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सो सम्वन्धमा प्रचलित कानुनको अधिनमा रहि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक फेरबदल, परिमार्जन वा संशोधनका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

ग. **विविध :-**

१. **विविध सम्बन्धमा ।**

विविध सम्बन्धमा निर्णय गर्नु पर्ने थप अन्य विषयहरु नरहेको ।

८. **साधारण सभामा सहभागी शेयरधनी महानुभावहरुबाट उठेका जिज्ञासा एवं प्रत्यूत्तर :-**

साधारण सभामा छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस संस्थाको काम कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनमा भएका विभिन्न विषयहरुको सम्बन्धमा छलफल गर्नु भई आ-आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

(क) संस्थापक शेयरधनी जनउत्थान प्रतिष्ठानका प्रतिनिधी श्री रण बहादुर रम्तेलज्यूले साधारण सभाको अवसरमा गरिब तथा जेहन्दार विद्यार्थी र संस्थामा आवद्ध सदस्यहरु मध्येका जेष्ठ नागरिकहरुलाई सम्मान

गर्दा राम्रो हुने र संस्थापक शेयरधनीको रुपमा जनउत्थान प्रतिष्ठान रहेकाले समूह सदस्यहरुलाई वा लक्षित समुदायलाई कल्याणकारी कार्य प्रतिष्ठान मार्फत गर्ने व्यवस्था मिलाउन सुझाव व्यक्त गर्नु भयो ।

(ख) सर्वसाधारण शेयरधनी श्री पशुपती पाठक ज्यूले बैंक तथा वित्तीय संस्थामा सृजना भएको चुनौतीपूर्ण अवस्थामा संस्थालाई दीर्घकाल सम्म बचाई राख्नका लागि संस्थाले थप रणनीतिहरु तयार गरी कार्यान्वयन गर्नका लागि सुझाव व्यक्त गर्नुभयो ।

शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझावहरु उपर अध्यक्षज्यूको सम्बोधनका मुख्य-मुख्य अंशहरु ।

(क) संस्थापक शेयरधनी जनउत्थान प्रतिष्ठानका प्रतिनिधी श्री रण बहादुर रम्तेल ज्यूले उठान गर्नु भएको जिज्ञासाहरु उपर सम्बोधन गर्दै सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु पनि निरन्तर गर्दै आईरहेको छ र आगामी दिनहरुमा समेत निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नु भयो र जनउत्थान प्रतिष्ठानसँग सहकार्य गर्न सकारात्मक रहेको बताउनु भयो ।

(ख) सर्वसाधारण शेयरधनी श्री पशुपती पाठक ज्यूले व्यक्त गर्नु भएको सुझाव उपर सम्बोधन गर्दै वित्तीय संस्थाको सेवालाई दीगो बनाई राख्नका लागि रणनीतिक योजना (सन् २०२३-२०२८) मा परिमार्जन गरी सदस्य केन्द्रित कार्यक्रमहरु निर्माण गरी कार्यन्वयन गर्दै आईरहेको बताउनु भयो ।

## ९. धन्यवाद ज्ञापन :-

१४औं वार्षिक साधारण सभाका प्रस्तावहरु उपर छलफल गरि सर्वसमितिले पारित गरेपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपले सहभागी भई वित्तीय संस्थाका लागि आवश्यक मार्गदर्शन प्रदान गरेकोमा तथा १४औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थिति हुनु भएकोमा सम्पूर्ण सञ्चालक ज्यूहरु, संस्थापक ज्यूहरु, सर्वसाधारण शेयरधनी महानुभावहरु, कर्मचारीहरु तथा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, संस्थाको उन्नति तथा प्रगतीको लागि अमूल्य योगदान पुऱ्याउनु हुने संस्थापक शेयरधनी महानुभावहरु, सर्वसाधारण शेयरधनी महानुभावहरु, समस्त संस्थामा आवद्ध समूह सदस्यहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, सिद्धार्थ क्यापिटल लि., लघुवित्त संघ नेपाल (MFAN), नेपाल लघुवित्त बैंकर्स संघ लगायत अन्य विभिन्न निकायका पदाधिकारीहरु, संस्थाको प्रतिष्ठा उच्च राख्न सहयोग गर्नुहुने पत्रकारहरु त्यस्तै संस्था प्रति विश्वसनीयता दर्शाई साझेदारी गर्नुहुने विभिन्न संघसंस्थाहरु, स्थानीय निकायहरु, यस वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एवम् अन्य सम्पूर्ण शुभेच्छुकहरु प्रति संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा हार्दिक आभार व्यक्त गर्नुभयो ।

## १०. सभा बिर्सजन :-

तत्पश्चात् अध्यक्षज्यूले १४औं वार्षिक साधारण सभाको निमन्त्रणा स्वीकार गरी पाल्नुहुने सम्पूर्ण उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्दै सभा सफलतापूर्वक सम्पन्न भएको घोषणा सहित दिउसो ३:३० बजे सभा बिर्सजन गर्नुभयो ।

सुशिल कुमार राय
कम्पनी सचिव

डा. मान बहादुर वीके
अध्यक्ष

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही ।

## संस्थाको प्रवन्धपत्रमा संशोधनका लागि गरिएको प्रस्तावित तीन महले

| दफा | विद्यमान व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५ को (न) | साविकमा नभएको | **लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु अन्तर्गत (ध) पछि देहायको बुँदा थप गर्ने:**<br>(न) नेपाल राष्ट्र बैंकको स्वीकृत लिई इलेक्ट्रोनिक बैंकिङ्ग तथा विद्युतीय माध्यमबाट कारोवार सञ्चालन गर्ने । | संस्थामा आवद्ध समुह सदस्यहरुको हित संरक्षण गर्दै वित्तीय संस्थाको सेवालाइ सवल तथा पारदर्शि बनाउनको लागि, संस्थाको कार्यकुशलता तथा उत्पादकत्व वृद्धि गर्न, ग्राहक सदस्यहरुलाइ छिटो छरितो र घरदैलोमा उनिहरुको आवश्यकता अनुसारको सेवा प्रदान गर्नको लागि संस्थाको कार्यक्षेत्र (फिल्ड) तथा कार्यालयमा हुने कार्यहरुको डिजिटलाइजेशन गर्ने मुख्य अभिप्रायका साथ एसएमएस, मोवाइल र ट्याब्लेट बैंकिङ सम्बन्धी सेवाहरु सुचारु गर्न । |